The Shortlisted consultants are mailed with attachment of RFP document from LIDPO, Surkhet and can request to office via mail if not received. Proposals must be submitted on or before 12:00 hours of 2080/08/24. The details are given in RFP and for further information please contact to LIDPO surkhet.

**Office Chief**


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# पीडितको जीवन रक्षामा ध्यान देऊ !

१५३ जनाको ज्यान लिएको जाजरकोट भूकम्पबाट ३५ हजार घरपरिवार खुला आकाश मुनि पुगेका छन् । गएको १७ असोजमा गएको भूकम्पबाट घर भत्किएपछि त्रिपाल टाँगेर बसिरहेका ती परिवारलाई चिसोबाट बच्नुपर्ने अर्को समस्या थपिएको छ । चिसोबाट बिरामी पर्नेहरूको संख्या बढ्दो छ । स्थानीयका अनुसार, चिसोबाट सात जनाको मृत्यु भइसकेको छ । यस्तो बेला पीडित परिवारको अभिभावक बन्नुपर्ने सरकारको दायित्व हो । तर सरकार अहिले राहत संकलनको हिसाब गरेर बसिरहेको छ । संकलित सहयोग सामग्री एकद्वार प्रणालीकै नाममा प्रभावकारी वितरण हुन सकेको छैन । सरकारले नै दिएको जानकारी अनुसार पनि सरकारी कोषमा १५ करोड बढी आर्थिक सहयोग संकलन भएको छ ।

यो रकम भुकम्प पीडितका लागि संकलन भएको हो । सरकारले संकलित रकम पुनर्स्थापनामा खर्च गर्ने तयारी गरेको छ । सरकारको निर्णय सही नै हो । अझ ०७२ सालको भूकम्प पीडितहरूलाई मनपरी ढंगले राहत वितरण गर्दा देखिएको बिकृति हल गर्न अपनाइएको एकद्वार प्रणाली पनि गलत होइन । तर त्यसरी एकद्वार नीति अपनाउँदा सरकारले गति बढाउन आवश्यक छ । त्यसो हुन नसके यो प्रणाली उल्टै प्रत्युत्पादक बन्न सक्ने देखिएको छ । किनकि पीडितहरूले आवश्यक उद्धार र राहतपछि तत्काल हुनुपर्ने अस्थायी/स्थायी पुनर्स्थापना सरकारले गरिररहेको छ भन्ने अनुभूति गर्न सकेको छैन ।

त्रिपालमा बसिरहेकाहरू दीर्घरोगीहरूमा नियमित औषधिको समस्या देखिएको छ । उच्च पहाडी र हिमाली क्षेत्र भएकाले चिसो बढ्दो छ । पीडितहरूका निम्ति भरपर्दो अस्थायी बसोबासको व्यवस्था हुन सकेको छैन । बरू राजनीतिक तथा सामाजिक क्षेत्रबाट खटिएका स्वंयसेवकहरूले अस्थायी टहरा निर्माण गरिरहेका छन् । तर, सरकारसँग अनुमति लिनुपर्ने काम उनीहरूले पनि गर्न सकेका छैनन् । जबकी यो बेला सरकारले ती स्वयम् सेवकहरूसँग आवश्यक समन्वय गर्न आवश्यक छ । दाताहरूलाई विश्वास दिलाउँदै आर्थिक बढाउन जरूरी छ । त्यो भन्दा पनि महत्वपूर्ण पहलकदमी पीडितहरूको सुरक्षा नै हो । संकलित रकमले त्यो काम पुरा नहुन सक्छ । त्यस्तो परिस्थितिमा राज्य कोषबाट भएपनि भूकम्प पीडितहरूका निम्ति भरपर्दो अस्थायी पुनर्स्थापनाको प्रबन्ध गरिनुपर्छ । भूकम्पको मनोवैज्ञानिक भयबाट बालबालिकालाई सामान्य अवस्थामा फर्काउने, बृद्धबृद्धाका निम्ति विशेष व्यवस्था गर्ने जस्ता काममा समेत सरकारको ध्यान जान जरूरी छ ।

# आध्यात्मिक जीवन र छठ पर्व

धर्म-संस्कृति




● अच्युतप्रसाद पौडेल 'चिन्तन'

**प्रारम्भ**

हामी पश्चिमतिर भौँतारिन्छौँ, पूर्वतिर वा आफैँतिर के छ खोज्न भ्याउँदैनौँ । हाम्रो देशको नाम फरक ढंगले भएपनि हजारौं वर्ष पुरानो छ । आधुनिक नेपालको एकीकरण हुँदा पश्चिमी युरोप, अमेरिकी कैयन शक्तिहरू उदाएकै थिएनन् । जर्मनी एकीकृत भएको थिएन, मार्क्स र लेनिनको नाम त सुनिएको पनि थिएन । भारत, पाकिस्तान, बंगलादेशलगायत उत्पत्ति नै भएका थिएनन् । सत्ययुगमा हाम्रो देशको नाम सत्यपुर, त्रेतायुगमा तपोवन, द्वापरमा मुक्तिपुर थियो भने अहिलेको नाम नेपाल छ । तर, बिडम्बना हामी नवोदित देशहरूसँग भिक्षा माग्दैछौं ।

पूर्वीय दर्शन धेरै उदार छ । हामी सूर्य अनि चन्द्रमाको पूजा गर्छौं । हाम्रो परम्परा कसैको लहडमा शुरु भएको होइन, कुनै व्यक्ति विशेषले तयार पारेको पनि होइन, सम्पूर्ण संसारको विधि, व्याख्या र विश्लेषण गरिएका आत्मचिन्तनका विषयवस्तुमध्ये जीव र जगतको सञ्चालक, मनको व्याख्या, मनका अनुभूतिअनुरूप बिम्ब बन्ने, बिम्बअनुरूप जगत प्रतीत हुने र बिम्बअनुरूप नै कार्य हुने भएकाले हरेक कार्यहरूको उद्गम ईश्वरीय सत्ता हो र यसको स्रोत हाम्रा आदिम ऋषिहरू हुन् ।



जीव उत्पत्तिको कारण, कर्म र संस्कार, बन्धन र मोक्ष, पुनर्जन्म र सिद्धि, स्वप्न र निद्रा रोग र तनाव, शान्ति र अशान्ति, स्मरण र विस्मृति, सन्तोष र आनन्द, त्रास र भय, चरित्र र पतन, वासना र मूर्खता, उत्साह र सफलता, शान्ति र आनन्द, योग र ध्यान विकास र विनाश द्वन्द्व र कलहका मूल कारक तत्व मानव मन र यसको मालिक ईश्वर नै हुन् । सिद्धि, सफलता, सुख, शान्ति र आरोग्यका लागि पूर्वीय वैदिक चिन्तनअनुसार जीवात्मा मात्रै होइन सम्पूर्ण प्रकृतिको पनि पूजा गर्छौं ।

हाम्रो मुलुक देवभूमि हो । हरेक युगमा यसको वर्चश्व कायम रहेको छ । सत्य, त्रेता, द्वापरदेखि करिब पाँच हजार १२४ वर्ष पुरानो कलियुग आरम्भदेखि नै यो तपोभूमिकै रूपमा रहेको छ । सात्विक यथार्थलाई आत्मसात् गर्दा 'ने' नाममा ऋषिले धर्मद्वारा बसालेको नेपाल नगरी आफैँमा देवभूमि हो । यस्तो पूण्यभूमिमा गरिएका हरेक कार्यहरू पूण्यदायी र प्रेरणादायी हुने भएकाले विश्वभरबाट नेपाल आउने गर्दछन् । विश्वकै शीरभाग सगरमाथा र शिवक्षेत्र पशुपतिनाथ प्राप्ति पनि हाम्रो ठूलो पूण्यको फल हो ।

**क्रमतामा पर्व**

हामी थुप्रै खालका पर्वहरु मनाउँछौं । एकअर्काका पर्वमा सहभागि पनि हुन्छौं । हिमाल, पहाड र तराईअनुसार बेग्ला-बेग्ला पर्वहरु पनि मनाइरहेका हुन्छौं । आज पर्वहरु निश्चित क्षेत्र विशेष नभई नेपालीको भएको छ । कतिपय हाम्रा पर्वहरु अन्यभन्दा बेग्लै पनि छन् । हामी शुभकामना दिँदा पनि दसैंदेखि छठसम्मको एकैपटक दिइने हाम्रो बानी बसिसकेको छ ।

दसैं लगत्तै तिहार अनि लगत्तै छठ शुरु भएको । विशेषगरी पहाडी क्षेत्रमा दुई वटा पर्व (दसैं र तिहार) धुमधामसहित मनाएपछि तराईमा छठको रौनक सुरु हुन्छ । झण्डै एक हप्तासम्म धूमधामसँग मनाइने छठ पर्व, कार्तिक शुक्ल चौथीका दिन स्नान, दान, धर्मका साथ सुरु हुन्छ । मिथिला संस्कृतिको अभिन्न अङ्ग बनेको छठपर्व भन्नु ऊर्जाको केन्द्र सूर्यको उपासना नै हो । छठको परम्पराले मैथिल-थारुलगायत भोजपुरी, अवधिदेखि पूरै हाम्रो तराई क्षेत्र ओगटेको छ ।

पर्व सञ्चालनको क्रममा केही वर्ष यतादेखि त काठमाडौंको गौरीघाट,

*विशेषगरी पहाडी क्षेत्रमा दुई वटा पर्व (दसैं र तिहार) धुमधामसहित मनाएपछि तराईमा छठको रौनक सुरू हुन्छ । झण्डै एक हप्तासम्म धूमधामसँग मनाइने छठ पर्व, कार्तिक शुक्ल चौथीका दिन स्नान, दान, धर्मका साथ सुरू हुन्छ । मिथिला संस्कृतिको अभिन्न अङ्ग बनेको छठपर्व भन्नु ऊर्जाको केन्द्र सूर्यको उपासना नै हो ।*

नागपोखरी, रानी पोखरी, सबैजसो नदी किनारा नै ढाकेको पाइन्छ । वि.सं. २०४६ देखि राष्ट्रव्यापी चाडको रूप लिएको छठ पर्वमा छठी माताको पूजा गरिन्छ । शुक्ल षष्ठीमा विशेष धूमधामका साथ मनाइने भएकाले यस पर्वको नाम छठ रहेको हो ।

हरेक जन्मदिनमा दीर्घायु र सुस्वास्थ्यको कामना गर्दै गरिने अष्टचिरञ्जीवी भनौं व्यास, वली, हनुमान, विभीषण, प्रह्लाद, मार्कण्डेय, अश्वत्थामा, पर्शुरामको पूजा उपासना गर्दा षष्ठिका देवीको पूजा उपासना गर्नैपर्ने हुन्छ । सत्ययुगमा अत्रि ऋषिकी पत्नी अनुसूयाबाट पनि षष्टिका माताको पूजा उपासना भएको पौराणिक मान्यता छ भने चन्द्रमाको जन्म उनै अत्रि अनुसूयाको गर्भबाट भएको हो । संसारको सत्य सूर्य, चन्द्र, धर्ती, आकाश भनौं ब्रह्माण्ड नै हो । त्यसैले आद्य गुरु शंकराचार्यको कथन छ, ब्रह्म सत्य जगत मित्थ्या ।

अविवाहितहरूले विवाहपछि दाम्पत्य सुख र विवाहितहरूले असल पारिवारिक जीवनको चाहना राखी उदाउँदो सूर्यलाई अर्घ दिई एकाबिहानै घाट वा नदी तलाउ किनारमा बसी उपासना गर्ने परम्पराको थालनी अत्रि पत्नी अनुसूयाबाटै भएको र पतिव्रता अनुसूयाले पतिको दीर्घायुको कामना गर्दै छठी माताको पूजा गरी आरम्भ गरेको छठ पर्वले द्वापर युगसम्म निरन्तरता पाई श्रीकृष्ण पुत्र साम्बले कुष्ठरोग निवारण हेतु यो व्रत गरेको कुरा भविष्य पुराणमा वर्णित छ । वेदले बताएको सम्पूर्ण जीव र जगतको आँखा रूप सूर्य पूजाबाट अन्य मनोकामना पनि पूरा हुने विश्वास गरिन्छ ।

**छठको अर्थ र महत्व**

छठ पूजा समूहमा आबद्ध भएर गरिने पर्व विशेष हो । अघि महाभारत कालमा पाँच पाण्डवहरूले आफ्नो गुप्त बासको, वन बासको समय समूहबद्ध भई सूर्योपासना गरेका थिए, जसबाट सूर्यदेव खुसी भई पाण्डवहरूलाई शक्ति सञ्चयको आशीर्वाद प्राप्त भएको थियो ।

सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता शिवको संयुक्तरूप भनेको सूर्य नै हो । सम्पूर्ण प्राणीमात्रको आत्माको रूपमा रहेको सूर्यले प्राणीहरूलाई ताप शक्ति दिन्छ । न्यानोपना नभए प्राणीको जीवन जीवन्त हुन सक्दैन । कार्तिकदेखि बिस्तारै बढी जाडो हुने गर्छ, यसैले पनि मानिसहरू ताप शक्तितिर लाग्नु स्वभाविक हो । शीतलताको कारक, मानिसको मनको ऊर्जा श्रोत भनेको चन्द्रमा हो । सूर्यले दिनमा महत्व दर्शाएझैँ चन्द्रमाले रातमा आफ्नो मनमोहक उपस्थिति दर्शाएको हुन्छ । शारदीय रात्रिमै भगवान श्रीकृष्णले संसार चकित पार्ने रासलीला रचाउनु भएको थियो, यसै कार्तिक शुक्ल रात्रि हो । दिन र रात, सुख र दुःख मानव जीवनको पर्याय नै हो ।

जीवनको आरम्भ जलमा हुन्छ । जलतत्व, ज्वारभाटा, समुद्र चन्द्रमाबाट प्रभावित हुन्छ भने जीवनको सञ्चालन र पालना माटोमा हुन्छ । जल र माटो (पृथ्वी) दुवैको संचालन भने आकाश (सूर्य) नै हो । हाम्रो एक शरीरमा तीन शरीर सञ्चालन भइरहेको हुन्छ । पहिलो हो- माटो अर्थात् स्थूल शरीर (देखिने), दोस्रो हो मन (सूक्ष्म शरीर, नदेखिने) तेस्रो हो कारण शरीर आत्मा (झन् नदेखिने) । यसरी स्थूल, सूक्ष्म र कारण शरीर तीनवटैबाट मात्र हाम्रो जीवन जीवीकोपार्जन भैराखेको हुन्छ । छठको दिन बेलुका चन्द्रमालाई खाना, खीर अर्पण गर्ने चलन पनि छ । यसको समष्टि भन्नु जल, माटो र अग्नि (ताप) हो । यी सबैको सामूहिक समर्पणभाव प्रकट गर्दै छठपर्वमा माटोको घडा सहित जलाशयमा उपस्थित भई फलफूल, मिठाइ, पक्वान्नहरू, नरिवल आदि लिई सूर्यदेवलाई खुसी पारिन्छ ।

बेलुकीपख डुब्न लागेको सूर्यलाई अर्घ दिई पानीमा डुबुल्की मार्दै, मनोरञ्जन गर्दै गीत, नृत्य, भजनसहित रातभर जाग्राम बसेर छठपर्व मनाउने धार्मिक, सांस्कृतिक पर्व विश्वकै लागि एक अनुपम रहेको छ । सप्तमीको सूर्योदय नहुँदै आफ्नो इच्छा सिद्धि होस् भनी वरदान माग्ने पनि चलन छ । बिहानै धुप, दीप, जल, पूजा अर्पण गर्दै सूर्य दर्शन गर्ने गरिन्छ । जीवनको नयाँ उत्साह र ऊर्जा प्राप्ति हेतु नवीनतम रस लिएर हरेक दिन उदाउँदो सूर्यको दृश्य अन्य दिनहरूमा पनि हेर्न लायक छ ।

पौषमा हिन्दु नारीहरू हरेक आइतबार सूर्य उपासना गर्ने गर्छन् भने तागाधारी (जनै लगाउने)हरूले जप्ने सूर्य गायत्री मन्त्रले आत्मिक चुरो, भित्रीबल, दृढ इच्छाशक्ति, मनोबल वृद्धि हुने कुरा वैज्ञानिकहरूले पुष्टि गरेका छन् । मानवको उषाकालदेखि जीवन्त सौर्य ऊर्जाले संसारकै प्राणीलाई हित गर्छ भने अघि च्यवन ऋषिकी पत्नी सुकन्याले षष्ठीका व्रत गरेर छठ पूजा गरी अश्विनीकुमारमार्फत आफ्ना अन्धा पति च्यवनलाई उपचार गरी पुनर्दृष्टि प्रदान गरेकी थिइन् ।

## सामाजिक सञ्जाल



**- ओमकुमार थापा**

दुर्गा प्रसाईंको आन्दोलन सत्ताधारीका विरुद्ध हो कि एमालेका विरुद्ध हो ? दुर्गा प्रसाईं एउटा व्यक्तिका विरुद्ध एमाले जस्तो पार्टी किन प्रतिकारमा उत्रिएर आफ्नै साख गिराउँदैछ ? प्रसाईंका मागहरू जायज छन् भने सरकारले सम्बोधन गर्नुपर्छ भने उनी अराजक भए कारबाही किन नगर्ने ?



**- सुर्यराज आचार्य**

पटक-पटक बेइमानी र विश्वासघातको मारमा परेको नेपाली समाजमा अहिले निराशा, आवेग र आक्रोशसहितको छटपटी देखिन्छ । कुनै एजेन्डा, घटना तथा पात्रप्रतिको समाजको रेस्पोन्स पनि त्यही प्रकृतिको देखिँदै छ । यस्तो रेस्पोन्स ठीक/बेठीक के हो भन्ने कुरा छुट्टै, तर अस्वभाविक चाहिँ होइन ।



**- बाबुलाल भण्डारी**

जनताको तहमा निकै ठूलो उकुसमुकुस छ र मुलुक अहिलेको यथास्थितिमा निश्चितरूपमा रहन सक्दैन । जनता सडकमा उत्रिन सानो जरिया मात्र भए पुग्छ । सायद दुर्गा प्रसाइँको अभियान नै पनि ठूलै चिङ्गारी अर्थात् प्रस्थान बिन्दु हुनसक्छ ।



**- विश्वरसिंह मेवाहाङ**

तिम्रो सत्तामा वाक स्वतन्त्रता छ भने जो कोहीले पनि राजा चाहियो भन्न पाउनु पर्छ । कसैले चाहँदैमा राजा आइहाल्ने होइन । यदि संविधान बलियो जगमा बनिएको छ भने राज्य व्यवस्था उल्टाउन निकै ठूलो रक्तपात हुनुपर्छ । अरुको इसारामा लेखिएको संविधान चाहिँ एउटै दुर्गा प्रसाईंले नै भत्काइदिन सक्छ ।

# परदेशिनु रहर होइन, बाध्यता !

विचार



● खिमराज गिरी

*यत्रतत्र सर्वत्र बेथितिको पराकाष्ठा मौलाउँदै जाने क्रममा देशका तमाम युवा शक्तिको भविष्यको विकल्प भनेकै विदेश पलायनबाहेक अरू केही नभएकोले पनि आज लाखौं युवाहरू विभिन्न देशमा रोजगारी तथा अध्ययनको नाममा हेलिन बाध्य छन् । जसले गर्दा उनीहरूसँग भएको सीप र क्षमता पनि अरूकै देशमा प्रयोग भएकोले हाम्रो देशको विकासको अपेक्षा गर्ने अवस्था पनि छैन ।*

गत साता एकातिर नेपालीहरूको महान चाड तिहारको रौनकता थियो भने अर्कोतिर भाइटिकाको दिन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेश जाने युवाहरूको भीड देखिन्थ्यो । कोही खाडीलगायत विभिन्न देशमा रोजगारीको लागि त कोही उच्च शिक्षा अध्ययनमा अमेरिका, क्यानडा र अष्ट्रेलिया विभिन्न देशमा जाँदै थिए । यसरी राष्ट्रिय पर्वको दिन विदेशिनु पर्ने रहर नभएर पक्कै पनि बाध्यता थियो । उनीहरूसँगै आफन्तहरू पनि आँखाभरी आँशुको बहावमा निःशब्द टोलाइरहेका देखिन्थे । आफन्तको पीडा पनि कम दर्दनाक देखिँदैन्थ्यो । कोही अङ्गालो हालेर रोइरहेका थिए भने कसैको अनुहार मलिन देखिन्थ्यो । आखिर हाम्रो जस्तो गरिब देशका युवाहरूको विकल्प पनि के नै छ र ?

विवशताको भुमरीमा अल्झिएर गाँस, बास, कपासको लागि आज कयौं युवाहरू विदेशिन बाध्य भएका छन् । देशको आर्थिक अवस्था सकस अवस्थामा छ । देशको अर्थतन्त्रको करिव ६७ प्रतिशत हिस्सा रेमिट्यान्सले धानिएको तथ्यांक विभिन्न छापामाध्याम पत्रपत्रिकामार्फत थाहा पाउन सकिन्छ । यसर्थ, पनि नेपालका युवाहरूको विदेशिनु पर्ने बाध्यताको औचित्य पुष्टि हुन आउँछ । अर्कोतिर, राजनीतिक सत्ता स्वार्थको कारण देशमा सामाजिक सद्भाव पनि खलबल्याइएको छ । धार्मिक स्वार्थको वितृष्णाले झन् नेटो काटिसकेको छ । प्रजातन्त्र र गणतन्त्रका अनुयायी हौं भन्नेहरू नै गणतन्त्र विरोधी अराजक तत्वहरू "जो आफ्नै पारिवारिक विरासतको फाइदामा रमाउन खोज्दैछन्" सँगै तर्सिएको आभास हुन्छ । राणाशासन कालमा देशमा पारिवारिक शासकको हैकम चल्यो । पञ्चायती शासनकालमा राजामहाराजाहरूको अधीनमा सम्पूर्ण मिडिया तथा अन्य क्षेत्रमा पनि नकारात्मक असर नपरेको होइन । तथापि, वि.सं. २०४६ सालपछि प्रजातन्त्र आयो र प्रेस स्वतन्त्रता छायो । प्रत्येक नागरिकहरूले बोल्ने, लेख्ने साथै आफ्ना मनमा लागेका कुराहरू अभिव्यक्त गर्ने स्वतन्त्रता पाए तर, आफ्नो बोल्ने लेख्ने अधिकारको प्रयोग गर्दा अन्य मानिसहरूको अधिकार हनन नहुने कानुनी प्रावधानलाई पनि ध्यान दिनुपर्ने थियो ।

लामो संघर्ष र बलिदानपछि देशमा गणतन्त्र त आयो तर, सारा जनताले अपेक्षा गरेअनुरूपको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य तथा रोजगारीको अवसरहरू प्राप्त गर्नुको बदला भएका उद्योगहरू कौडीको भाउमा बेचिए, प्राकृतिक स्रोत र साधनहरूको सही सदुपयोग हुन सकेन । प्रजातन्त्रको नाममा नेतृत्ववर्गको आफू र आफन्तको हरेक कुरामा बिराजमानले अराजक स्थितिको सिर्जनाबाहेक अरु विकासको काममा खासै प्रगति हुन सकेन । शिक्षाको क्षेत्रमा पुरानै घोकन्ते विद्या र व्यवहारिक पाटोतर्फ कहिल्यै ध्यान दिइएन । स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा त झन् यति अराजक स्थिति पैदा भयो भने अन्य क्षेत्रमा भएको भ्रष्टाचारको क्यान्सर रोग त झन् निको हुने कुरै भएन ।

यत्रतत्र सर्वत्र बेथितिको परास्काष्टा मौलाउँदै जाने क्रममा देशका तमाम युवा शक्तिको भविष्यको विकल्प भनेकै विदेश पलायनबाहेक अरु केही नभएकोले पनि आज लाखौं युवाहरू विभिन्न देशमा रोजगारी तथा अध्ययनको नाममा हेलिन बाध्य छन् । जसले गर्दा उनीहरूसँग भएको सीप र क्षमता पनि अरुकै देशमा प्रयोग भएकोले हाम्रो देशको विकासको अपेक्षा गर्ने अवस्था पनि छैन ।

उनीहरूकै रेमिट्यान्सले देशको अर्थतन्त्र चलायमान भएको यो वर्तमान अवस्थाको तीतो सत्यलाई हृदयंगम गर्दा सत्तामा बस्नेहरूको नैतिक धरातलको गहिराइ कति भासमा पुगेको होला मापन गर्न कठिनाइ पक्कै पनि हुनेछ । त्यसैले भनिन्छ नि, "धनीको कुकुर हुनुभन्दा गरिबको गाई हुनु बेस ।" नीति नभएका नेता र स्थिति नभएको प्रशासनद्वारा देशमा डामाडोल हुने भएकोले अराजकताको स्थिति सिर्जना हुन्छ र भएको युवा शक्ति पनि विदेशिन बाध्य हुन्छ ।

## तपाईंको राशिफल

- मेष : शिक्षा सम्बन्धी कार्यमा रुकावट आउनेछ । भूमि लाभको योग छ ।
- वृष : अनावश्यक यात्रा गर्नु हुँदैन । विवादमा परिने योग छ ।
- मिथुन : पराक्रममा वृद्धिको योग छ । स्वास्थ्य कमजोर रहनेछ ।
- कर्कट : स्वास्थ्य राम्रो रहनेछ । सम्पत्तिमा वृद्धि हुनेछ ।
- सिंह : धार्मिक कार्यहरुमा रुचि बढ्नेछ । सामान्य रुकावटले अशान्ति दिनेछ ।
- कन्या : बाहिरी सहयोगमा कमी आउनेछ । विवादमा परिने योग छ ।
- तुला : लेनदेनमा सावधानी राख्नुहोला । दैनिक कार्यमा प्रगति हुनेछ ।
- वृश्चिक : परिवारको सहयोग प्राप्त हुनेछ । तथापी, व्यर्थको यात्रा र परेशानीको योग छ ।
- धनु : शुभकार्यमा बढी खर्च हुने देखिन्छ । भौतिक साधन उपलब्ध भइरहनेछ ।
- मकर : व्यापारिक लाभ हुनेछ । धैर्यसित कार्य गर्न राम्रो हुन्छ ।
- कुम्भ : सम्बन्धहरुमा सुधार आउनेछ । राजकीय कार्यमा वृद्धिको योग छ ।
- मीन : नौलो कार्य प्रारम्भ हुनेछ । सबैकार्यमा शक्ति लगाउनुपर्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सरकारले समाजवादको आधार तयार गर्ने काम गरेको छ : प्रधानमन्त्री




**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ३ मंसिर

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो नेतृत्वको सरकारले सामाजिक न्याय, सुशासन र समृद्धिका लागि काम गर्ने संकल्प लिएर काम गरेको बताएका छन् । रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका १ मैकोटमा आयोजित मइँ छिउ सगराँत उत्सव, २०८० (मंसिर सक्रान्ती) को अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले आफ्नो नेतृत्वको सरकारले समाजवादको आधार तयार गर्ने काम गरेको बताए ।

तराई मधेशका लाखौं सर्वसाधारणहरु मिटरव्याजबाट पीडित भएको उल्लेख गर्दै उनले मिटरव्याजीविरुद्ध आयोग बनाएर कारबाही गरेको र ऐन नै बनाएर सर्वसाधारणलाई पीडाबाट मुक्त बनाएको दाबी गरे। नागरिकताविहीन दशौं लाख नेपालीहरुलाई नागरिकता वितरणको व्यवस्था मिलाएको, विदेशमा गएका लाखौं नेपालीहरुलाई हक अधिकारका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने काम गरेको समेत उनले बताए ।

भ्रष्टाचारविरुद्धका अन्य ठूला फाइलहरु सरकारले खोल्ने बताउँदै प्रधानमन्त्री प्रचण्डले भूमाफिया, तस्करी, शोषक, सामन्तीविरुद्ध अझै निरन्तर कदम अगाडि बढाइने र यस कार्यमा जनताको साथ र समर्थन आवश्यक रहेको बताए। प्रधानमन्त्री प्रचण्डले रुकुम पूर्वको विकासका लागि निरन्तर लाग्ने पनि बताए । उनले हिमाली जिल्लाअन्तर्गत पर्ने रुकुम पूर्वको सडक, जडिबुटी, शिक्षा, स्वास्थ्य, पर्यटनलगायतका क्षेत्रको विकासका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

आफ्नो चीन भ्रमणको क्रममा हिमाली क्षेत्रमा कृषि क्षेत्रको विकास लागि विभिन्न आयोजना सञ्चालन गर्ने सहमति भएको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले त्यसै अन्तर्गतको एउटा परियोजना रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकामा सञ्चालन गर्ने बताए । यस परियोजनाले किसानहरुको जीवनस्तरमा परिवर्तन ल्याउने उनले विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री प्रचण्डले शहीद मार्गलाई स्तरोन्नति र गन्तव्यसम्म पुर्‍याउन बजेट व्यवस्था गर्ने, ठेक्का पट्टामा तीव्रता दिने, मध्यपहाडी राजमार्गका लागि आवश्यक बजेट व्यवस्था गर्न सम्बन्धित मन्त्रालय र विभागमा आफैंले पहल गर्ने जिकिर गरे । पुथा उत्तरगंगा गाउँपालिका जडिबुटीका लागि सुपरिचित ठाउँ भएकाले प्रशोधन र बिक्री वितरणको परियोजना सञ्चालनाक लागि आवश्यक व्यवस्था मिलाउनेसमेत उनले विश्वास दिलाए ।

मैकोटलगायत रुकुम पूर्वको विभिन्न स्थानमा रहेका मौलिक बनावट, घरको छतमा रहेका ढोका, क्रान्तिमा योगदान गरेका गाउँलाई जीवित संग्राहलयको रुपमा विकास गर्न आवश्यक बजेटको व्यवस्था गर्ने समेत उनले बताए ।

# चौरजहारीमा माओवादी केन्द्रको अगुवाइमा भूकम्प प्रतिरोधी नमुना घर निर्माण शुरु

**रुकुम पश्चिम/मस-** रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा भूकम्पबाट क्षतिग्रस्त घर पुनर्निर्माण कार्य शुरु गरिएको छ । चौरजहारी नगरपालिकाको वडा नम्बर ६ फारुलामा पूर्व नगरप्रमुख विशाल शर्माको नेतृत्वमा भूकम्प प्रतिरोधी नमुना घर निर्माण कार्य शुरु गरिएको हो । पहिलो चरणमा भूकम्पबाट क्षतिग्रस्त भएका स्थानीय ४ घर पुनर्निर्माण कार्य शुरु गरिएको चौरजहारी नगरपालिकाका पूर्व मेयर शर्माले जानकारी दिए ।

पहिलो चरणमा स्थानीय स्रोतसाधन परिचालन गरी चार घर नमुनाको रुपमा निर्माण गर्न लागिएको उनले बताए । भूकम्प प्रभावितका लागि नमुना घर निर्माण अभियानमा माओवादी केन्द्र चौरजहारी नगर कमिटी अध्यक्ष सुदास स्वर्णकार, सचिव लालबहादुर कटुवाल, वाईसीएल तथा स्थानीय खटिएका छन् ।

स्थानीय स्रोत साधन काठ, ढुंगा, बालुवाका साथै सिमेन्ट, जस्तापाता र छड प्रयोग गरी भूकम्प प्रतिरोधी घर निर्माण गर्न लागिएको शर्माले बताए। दैनिक ५० जना घर निर्माण कार्यमा खटिने माओवादी केन्द्र चौरजहारी नगर कमिटीका सचिव कटुवालको भनाइ छ ।

घर पुनर्निर्माण कार्य अन्तर्गत पहिलो चरणमा स्थानीय कालो कामी, कमल बिक, चन्द्री बोहरा र चन्द्रबहादुर बुढाथोकीको घर निर्माण शुरु गरिएको छ । यो अभियानलाई नगरपालिकाले पनि अघि बढाउने कार्यकारी अधिकृत शेरप्रसाद ढकालको भनाइ छ ।

कात्तिक १७ मा गएको भूकम्पले चौरजहारी नगरपालिकाका वडा नमवर १४, १३, १२, ६, १० र ७ मा सबैभन्दा बढी क्षति भएको थियो । भूकम्पबाट नगरपाकिलमा २३ जना घाइते र एक जना नगर प्रहरी जवानको मृत्यु भएको थियो । चौरजहारी नगरपालिकामा भूकम्पबाट १ हजार ८ सय ९५ घर अति जोखिम र ४ हजार ५ सय जोखिमयुक्त छन् । ७ हजार घरधुरीमध्ये करिब ३ हजार घरमात्र कम जोखिममा छन् ।

नगरपालिकाले भूकम्प प्रभावितलाई उद्धार र उपचारपछि पहिलो चरणमा त्रिपाल र ब्ल्यांकेट वितरण गरिसकेको छ। नगरपालिकाले हालसम्म ५ हजार १ सय ४८ थान त्रिपाल, ३ हजार ५ सय ४० थान ब्ल्यांकेट, ७ सय ९२ बोरा चामल प्राप्त भएकोमा ५ हजार ७८ थान त्रिपाल, ३ हजार २ सय ७० थान ब्ल्यांकेट र १ सय ३६ बोरा चामल वितरण भइसकेको जानकारी दिएको छ । चौरजहारी नगरपालिका मेयर पुष्प वादी पनि भूकम्प पीडित भएका छन् । नगरपालिकाको वडा नम्बर ४ मनकोट टाकुराका दुई घर बस्नै नमिल्ने गरी क्षति पुगेकाले उनको परिवार त्रिपालमुनि बस्न बाध्य भएको छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुखेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी निर्मला बाकामगर रहेको धनि, दर्ता १६१०३८ नम्बर निर्देशनालय बाट ०७८/८/२० .मा संचालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री निर्मला कृषि पशुपंक्षी माछापालन नामको प्राइभेट/साझेदारी उद्योग मेरो । हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसंग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सुचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रुपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।


# Cyprus को Hotel Line मा महिला तथा पुरुषहरुलाई रोजगारको अवसर

१.कम्पनी: **Orthodoxou Employment Bureau Ltd.,** Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।११।१९ | चलानी नं. ६०१९७५१० | LT.No. 282063 | पून: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook A | 1 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १,३०,१०४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cook B | 1 | 0 | | 870 | १,२५,७६७।- | | | | | | | |
| 3 | Barmaid | 2 | 0 | | 800 | १,१५,६४८।- | | | | | | | |

२.कम्पनी: **Orthodoxou Employment Bureau Ltd.,** Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।१२।७ | चलानी नं. ६०१९८४९७ | LT.No. 283128 | पून: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 11 | 0 | काममा दक्ष | 850 | १,२२,८७६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Bartender | 0 | 01 | | 700 | १,०१,१९२।- | | | | | | | |

३.कम्पनी: **Ero Christoforou Private Employment Agency.,** Cyprus, Paphos
पूर्व स्वीकृती मिति २०७९।१२।२३ | चलानी नं. ६०१९९५७२ | LT.No. 284003 | पून: विज्ञापन

| सि.नं. | कामदारको पद | महिला | न्यूनतम योग्यता | Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 9 | काममा दक्ष | 700 | १,०१,१९२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

४.कम्पनी: **C & C Private Employment Agency.,** Cyprus, Paphos
पूर्व स्वीकृती मिति २०७९।१२।२३ | चलानी नं. ६०१९९५७६ | LT.No. 284004 | पून: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | काममा दक्ष | 850 | १,२२,८७६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cook Helper | 07 | 0 | | 700 | १,०१,१९२।- | | | | | | | |

५.कम्पनी: **Ero Christoforou Private Employment Agency.,** Cyprus, Paphos
पूर्व स्वीकृती मिति २०८०।०२।११ | चलानी नं. ६०२०१९८६ | LT.No. 286204 | पून: विज्ञापन

| सि.नं. | कामदारको पद | महिला | न्यूनतम योग्यता | Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping | 06 | काममा दक्ष | 650 | ९३,९६४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

नोट:-स्वदेश वा विदेशमा होटेल तथा रेष्टुरेण्टमा काम गरेको अनुभव र साधारण अंग्रेजी भाषा बोल्न सक्ने हुनु पर्नेछ ।

प्रि-अन्तर्वार्ता भै रहेको छ । फाईनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मिति २०८० मसिर ११ र १२ गते (27 & 28 Nov., 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

# साउदीमा रोजगार |

कम्पनी: **APN INSPECTION INTERNATIONAL CO. LTD.** शहर: KSA
पूर्व स्वीकृत मिति: २०८०/०८/०१ | चलानी नं.: ६०२१०१४७ | LT. No.:294967

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ११ गते (27 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५७३/०६२/०६३
**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

# MALAYSIA मा रोजगार |

कम्पनी: **VALUED PRODUCTS (M) SDN. BHD.** शहर: Malaysia,johor
पूर्व स्वीकृत मिति: २०७९/०३/२३ | चलानी नं.: ६०१८२९१० | LT. No.: 266958 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 158 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० मंसिर ११ गते (27 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Govt Lic No. 1503/074/075
**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477

# MALAYSIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी: **NG LOON EM & SONS POULTRY FARM (M) SDN BHD** शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८०/०७/२४ | चलानी नं.: ६०२१०१७९ | LT. No.: 294978

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Livestock Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: **J TEA ENT SDN BHD** शहर: BANDAR HILIR
पूर्व स्वीकृत मिति: २०८०/०१/२८ | चलानी नं.: ६०२०१२८९ | LT. No.: 285845 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: **AFTERMEAL CAFE SDN BHD** शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७९/१२/२४ | चलानी नं.: ६०१९६५९ | LT. No.:284171 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Crew | 14 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर ११ गते (27 Novemeber 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ११६३/०७३/०७४
**BLUE OCEAN RECRUITMENT PVT. LTD.**
NEW BANESHWOR, KATHMANDU, TEL: 4476215, 4491772 | | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com

# साउदीमा रोजगार |

कम्पनी: **BABAS TRADING COMPANY IS A ONE PERSON COMPANY** शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/०८/०२ | चलानी नं.: ६०२१०१४१ | L.T. No.: 295060

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 5 | 0 | स. काममा दक्ष | 1800 | ६३८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **HALF MOON MODERN RESTAURANT SERVING MEALS** शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८०/०८/०२ | चलानी नं.: ६०२१०१३९ | L.T. No.:295062

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **THE NEW RED LINE COMPANY FOR SPARE PARTS** शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८०/०८/०२ | चलानी नं.: ६०२१०१४० | L.T. No.: 295061

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Spar Parts Seller | 2 | 0 | स. काममा दक्ष | 1500 | ५३१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ११ गते (27 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०
शाखा कार्यालय: सृजनाचोक, पोखरा । सम्पर्क :०६१-५७१५६३, ९८२९१४३८०१

# साउदीमा वैदेशिक रोजगार अवसर

कम्पनी: **SODFA CAFE TO SERVE DRINKS** शहर: Jeddah
पुर्व स्वीकृत मिति: २०८०/०८/०१ | चलानी नं.: ६०२१०१६५ | L.T. No.: 294995

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **ATTENTION CUP FOUNDATION FOR SERVING BEVERAGES** शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८०/०८/०२ | चलानी नं.: ६०२१०१६४ | L.T. No.: 295133

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | My Coffee (barista) | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर ११ गते (27 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/ |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1251/074/075
**Al Taaz International Pvt. Ltd.**
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

# साउदीमा रोजगार |

कम्पनी: **GRASS AL-KHAIRAT CO. LTD.** शहर : SAUDI
पुर्व स्वीकृत मिति: २०७९/०९/१२ | चलानी नं.: ६०१९४१५१ | L.T. No.:278342 | पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ११ गते (27 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

# यूएईमा रोजगार |

कम्पनी: **CAPRIOLE CONSTRUCTION CO .L.L.C** शहर : UAE
पूर्व स्वीकृत मिति: २०८०/०७/२४ | चलानी नं.: ६०२१००२० | LT. No.: 294910 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Helper | 150 | 0 | स. काममा दक्ष | 850 | ३०,७६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ११ गते (27 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1440/074/075
**ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT. LTD.**
Tokha-10, Kathmandu, Tel.: 01-5906717, 9808052814,9818235169,9815148427,9819353541
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com, Itahari: 9819353541, Pokhara :9815148427

# युएईमा रोजगार

कम्पनी: **BAIT ALNAMOOR SECURITY SERVICE** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०६/१२ | चलानी नं.: ६०२१०१६७ | L.T. No.:293151

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1200 | ४३४२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

# साउदीमा रोजगार

कम्पनी: **SAED INTERNATIONAL FOR ISTIGDAM** शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०८०/०८/०१ | चलानी नं.: ६०२१०१६६ | L.T. No.:295028

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelving Filler | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४६०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Vehicle Oiler And Greaser | 5 | 0 | | 2200 | ७७९९० | | | | | | | |

